नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(..................................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..................................

## प्रेस विज्ञप्ति

संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ३१ औ अधिवेशन अन्तर्गत १६ मार्च, २०१६ मा नेपालको UPR Outcome Report Adopt गर्ने कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीको नेतृत्वमा गएको टोलीले सहभागिता जनाई उक्त Report Adopt गऱ्यो । उक्त अवसरमा नेपाल सरकारका मुख्य सचिवले नेपालमा मानव अधिकारको वर्तमान अवस्थाका विषयमा जानकारी दिनु भयो र नेपाल सरकारले जनाएको अन्तर्राष्ट्रिय प्रतिवद्धता समेतका आधारमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारले चालेका कदमहरुका विषयमा समेत प्रकाश पार्नुभयो । उहाँले आफ्नो मन्तब्यका क्रममा वर्तमान नेपालको संविधानले मौलिक हकको दायरा अझ फराकिलो पारेको प्रकाश पार्दै जनताका नागरिक र राजनीतिक हकहरु तथा आर्थिक, सामाजिक र साँस्कृतिक हकहरुको विषयलाई बृहत ढंगले समेटेको विषयमा समेत प्रकाश पार्नु भयो । साथै उहाँले नेपाल संघीय संरचनामा प्रबेश गरेको र राज्यको पुनर्संरचना गर्दा समावेशीतालाई अंगीकार गरिएको र सबै प्रकारका विभेद र असमानताको अन्त्य गर्दै लैङ्गिक उत्तरदायी र समावेशी राज्यको कार्यान्वयन गर्ने व्यवस्था समेत वर्तमान संविधानले व्यवस्थित गरेको कुरा उल्लेख गर्नुभयो ।

नेपाल सरकारका मुख्य सचिवले संक्रमणकालीन न्याय व्यवस्थापनका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्बन्धी ऐन व्यवस्थापिका-संसदबाट पारित भई आयोगहरु गठन भएको र ती आयोगबाट संक्रमणकालीन न्यायको समुचित व्यवस्थापन हुने अपेक्षा गरिएको कुरा समेत उल्लेख गर्नुभयो ।

नेपालबाट मानव अधिकार आयोगका प्रतिनिधि र यस क्षेत्रमा कार्यरत बिभिन्न गैर सरकारी संघ संगठनका प्रतिनिधिहरुले समेत छलफलमा सहभागिता जनाउनु भयो । मानव अधिकारको प्रवर्द्धनका लागि उहाँहरुले रचनात्मक सुझावहरु दिनु भयो र सरकारले अझ बढी सक्रियताका साथ मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि काम गर्नुपर्ने विचार प्रस्तुत गर्नु भयो ।

नेपाल सरकारका मुख्य सचिवले कार्यक्रमको समापनको क्रममा सो कार्यक्रमका सहभागीहरुलाई सार्थक सहभागिता र महत्वपूर्ण सुझावका लागि धन्यवाद दिंदै वर्तमान संविधानको कार्यान्वयनका लागि नेपाल सरकारले विभिन्न नीति, ऐन र कार्यक्रमहरुको पुनरावलोकन गर्ने कार्य भईरहेको समेत जानकारी गराउनु भयो ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
(.................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।
पत्र संख्या :
च.नं. :
मिति : ..............................

संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्‌मा नेपालले पेश गरेको विश्वव्यापी आवधिक पुनरावलोकन (UPR) को दोस्रो राष्ट्रिय प्रतिवेदनउपर मानव अधिकार परिषद्‌को २३ औं सेसनमा नेपाललाई प्राप्त कूल १९५ वटा सिफारिसहरुमध्ये १५२ वटा सिफारिसहरुलाई नेपालले स्वीकार गरेको छ ।

नेपाल सरकारका मुख्य सचिवले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्‌का Deputy High Commissioner Ms. Kate Gilmore सँग उहाँको कार्यालयमा भेट गर्नुभयो । उक्त भेटमा उहाँहरुले नेपालको मानव अधिकार स्थितिका सम्बन्धमा आ-आफ्नो धारणा आदान प्रदान गर्नुभयो । मुख्य सचिवले समानता, समता र न्यायको प्रवर्द्धन गर्दै मानव अधिकार र मौलिक अधिकारको संरक्षण गर्ने नेपालको प्रतिवद्धता स्मरण गराउँदै सो तर्फ वर्तमान संविधानले मार्ग प्रशस्त गरेको जानकारी गराउनु भयो । नेपालको मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि UNOHCHR ले खेलेको भुमिकाको सराहना गर्नु भयो । Deputy High Commissioner ले OHCHR नेपाल सरकारसँग मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि थप सहकार्य गर्न तयार रहेको बताउनु भयो । साथै उहाँले सर्वोच्च अदालतको आदेश समेतलाई मध्यनजर राख्दै संक्रमणकालीन न्याय व्यवस्थापनका विषयमा आयोग गठन गर्ने गरी ऐन जारी भएको र ती आयोग गठन भएकोमा स्वागत गर्नु भयो ।

मुख्य सचिवले नेतृत्व गर्नु भएको प्रतिनिधिमण्डलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव श्री कमलशाली घिमिरे, जेनेभास्थित संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगका प्रमुख श्री दीपक धिताल र सरकारका अन्य उच्च पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

२०७२ साल चैत्र ४ गते

बिनोदबहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np